# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८५१०८०
चलानी नं.: २०६८

मिति: २०७९।१०।२४

विषय: निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।

श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।

श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।

श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।

श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।

बनेपा नगरपालिका ।

श्री ... ... .... ... ...शाखा

बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ माघ २१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका । - *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

शिवप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : १५

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ माघ २१ गते शनिबार बिहान ८:०० बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

**-:: उपस्थिति ::-**

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | अनुपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (का.वा. वडाध्यक्ष वडा नं. ६) | श्री लालकृष्ण तिमल्सिना | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (का.वा. वडाध्यक्ष वडा नं. ९) | श्री गणेश प्रसाद सापकोटा | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

छलफलका विषयहरुः

१. नगर सभाको एघारौ अधिवेशनमा पेश गरिने प्रस्तावे सम्बन्धमा,

क) नगरपालिकाको विनियोजन ऐन २०७९ मा आवश्यक संसोधन गर्ने,

ख) नगरपालिकाको लागि नयाँ ऐन/नियमन/कार्यविधि तर्जुमा र मौजुदा ऐन नियममा आवश्यक संसोधन सम्बन्धमा,

२. नगर क्षेत्रभित्र रहेका ठुला (इटाभट्टा, ग्यांस) उद्योग दर्ता सम्बन्धमा,

३. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. यस नगरपालिकाको विनियोजन ऐन २०७९ मा स्वीकृत योजना तथा कार्यक्रमहरुमा आवश्यक संसोधन गर्नुपरेमा विनियोजित रकमको परिधी भित्र रही त्यस्तो योजना तथा कार्यक्रममा आवश्यक संसोधन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्न नगर सभाको आगामी अधिवेशनमा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

३. बनेपा नगरपालिकाको विधायन समितिमा छलफल भई सिफारिस भएका तपसिल बमोजिमका विधेयक स्वीकृतिका लागि नगर सभाको आगामी अधिवेशनमा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

क) बनेपा नगरपालिकाको जनस्वास्थ्य सेवा विधेयक, २०७९

ख) बनेपा नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९

ग) बनेपा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी विधेयक, २०७९

४. बनेपा नगरपालिका क्षेत्रभित्र विभिन्न प्रकारका उद्योगहरु स्थापना भई सञ्चालनमा भइरहेको भएता पनि नगरपालिकाको करको दायरामा आएको नदेखिएकाले देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) प्रचलित कानून बमोजिम दर्ता भई अनुमति लिनु पर्ने निकायबाट अनुमति लिई सञ्चालन भईरहेका उद्योगहरुले कानून बमोजिम आवश्यक मापदण्ड वा पूर्वाधार पुरा नगरेका कारण त्यस्तो उद्योग बन्द वा खारेज नभएसम्म बनेपा नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको कर दस्तुर लिने गरी त्यस्तो उद्योगको व्यवसाय दर्ता गर्ने ।

ख) नगर क्षेत्रभित्र उद्योगहरुको स्थापना र सञ्चालनका सम्बन्धमा नगरपालिकाको उद्योग सम्बन्धी छुट्टै नीति तर्जुमा गर्ने ।

५. बनेपा नगरपालिकाको चालु आ.व. २०७९।०८० को अर्धवार्षिक प्रगति विवरण स्वीकृत गरी अनुमोदनका लागि नगर सभाको आगामी अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो ।

...अधिकृत

६. बनेपा नगरपालिकाको राजस्व परामर्श समितिको बैठक बाट निर्णय भई सिफारिस गरिए समेतका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) बनेपा नगरपालिका क्षेत्रभित्र सञ्चालन भईरहेका उद्योग व्यवसायहरुको लगत संकलन र सफ्टवेयरमा प्रविष्टी गर्ने प्रयोजनका लागि हरेक वडामा एक एक जना तथ्याङ्क संकलन तथा प्रविष्टी कर्ता स्वयम सेवक नियुक्ति गर्ने र त्यसरी नियुक्त हुने स्वयम सेवकले सम्पादन गर्नुपर्ने कामको आधारमा उपयुक्त पारिश्रमिक दिने व्यवस्था मिलाउने ।

ख) बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित सामुदायिक भवन ठेक्कामा दिई सञ्चालन गर्न माशिक न्युनतम रु. १ लाख १० हजार बहाल दर कायम हुने गरी ठेक्का बन्दोबस्त गर्न पूनः सूचना प्रकाशित गर्ने ।

ग) बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित सामुदायिक भवन यस अगाडि बहालमा लिने पटुवाल निर्माण सेवाका प्रो. रोशी गा.पा. १ बस्ने कुमार घिसिङ लामा र बसपार्क स्थित ग्यारेज बहालमा लिने नमोबुद्ध नगरपालिका वडा नं. १ बस्ने विमल पाण्डेले संझौता बमोजिम बुझाउनु पर्ने बहाल रकम नबुझाएकाले संझौता बमोजिमको बहाल रकम सरकारी बाँकी सरह असुल उपर गर्न जिल्ला अदालत, काभ्रेपलाञ्चोकमा मुद्दा दायर गर्ने र निजहरुलाई कानून बमोजिम कालो सूचीमा राख्न कानूनी प्रक्रिया अगाडी बढाउने ।

७. बनेपा नगरपालिका वडा नं. ४ मा स्थापना भएको नगर अस्पताललाई “बनेपा आधारभूत नगर अस्पताल” नामाकरण गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकामा करार सेवामा रहेका सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण कार्यक्रम अन्तर्गत फिल्ड सहायकमा कार्यरत श्री रविना कार्कीले राजिनामा दिई विदेशमा गएकोले आफ्ले काम गरेको अवधि मध्ये कार्यालयमा हाजिर रही काम गरेको अवधिको पाउन बाँकी पारिश्र उपलब्ध गराउन माग निवेदन गरेको हुँदा निज हाजिर रहेको मिति २०७८ साल चैत्र ४ गते सम्मको निजले पाउन छुट भएको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

९. बनेपा नगरलाई छुवाछुत मुक्त नगर घोषणा गर्न “ बनेपाको सन्देश- जातिगत छुवाछुतमा पूर्ण बन्देज” भन्ने नारा सहित छुवाछुत मुक्त नगर घोषणाका लागि नगर सभाको आगामी अधिवेशनमा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

१०. गत आ.व. २०७८।०७९ को बजेट तथा कार्यक्रम अन्तरगत उपभोक्ता समितिसँग संझौता भई भुक्तानी दिन बाँकी योजनाहरुका हकमा भुक्तानी दिन बाँकी शीर्षकबाट भुक्तानी दिने गरी मिति २०७९ साल फागुन १५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

११. आ.व. २०७७।०७८ मा स्वीकृत भई सञ्चालन भएको बनेपा नगरपालिका वडा नं. ५ मा पर्ने ठाडो खोला बृहत खानेपानी योजनाको भुक्तानी दिन बाँकी रकम रु. १० लाख चालु आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रमको भुक्तानी दिन बाँकी योजना शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत